# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, वैशाख २४ गते २०२५ साल [ संख्या ४


श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप–नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधी, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्न बमोजिम खुलाइएको छ ।

१. ऋणको नाम :– यस ऋणको नाम विकास ऋण, २०३१ रहेको छ ।

२. ऋणको उद्देश्यः– विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकमः– यो ऋणको जम्मा रकम रू. १,००,००,०००।–(एक करोड) को हुनेछ ।

४. ऋणको व्ययभारः– यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोष प्रति हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ऋणपत्रको प्रकारः– यो ऋणको ऋणपत्र कम्तीमा रू.२५।– वा २५ को (Multiple) ।२५ ले भाग गर्दा निशेष हुने अङ्कको स्टक वा २५।–५०।–१००।–१०००।–१००००।– वा १,००,०००।– दरको प्रमिशरी नोटको रूपमा लिन पाइने छ ।

६. ऋणपत्र बिक्री अवधीः– यो ऋणपत्रहरूको बिक्री अवधी २०२५ साल ज्येष्ठ १५ गतेदेखि ज्येष्ठ मसान्तसम्मको हुने छ । तर आवश्यक देखिएमा ज्येष्ठ मसान्त अगावै पनि बिक्री बन्द गर्न सकिने छ ।

७. ऋणपत्रको बिक्री मूल्यः– ऋणपत्रहरूको बिक्री ऋणपत्रमा उल्लेख गरेबमोजिम मूल्यमा २।. छुट् मात्र हुनेछ ।

८. ऋणपत्र खरिद गर्न दरखास्त दिनु पर्नेः–

(१) ऋणपत्र खरिद गर्नको लागि नेपाल राष्ट्र बैङ्कले तोकिदिएको ढांचामा राष्ट्र बैङ्क वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरिद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइने छ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः– चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बांडफांड गर्ने अधिकारः– प्राप्त ऋणपत्रहरूको बांडफांड गर्ने अधिकार राष्ट्र बैङ्कलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुनेः–स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइने छ । यसरी फिर्ता भएको रकममा ब्याज दिइने छैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिनेः– स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिशरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टक कैरूपमा दिइनेछ ।

१३. ऋणको ब्याजः– ऋणको ब्याज २०२५ साल आषाढ १ गतेदेखि वार्षिक सैयकडा ७ का दरले प्रत्येक ६।६ महीना पछि दिइने छ ।

१४. ऋणको साँवाको भुक्तानीः– यो ऋणको सांवाको भुक्तानी अवधी २०३१ साल ज्येष्ठ मसान्त पछि दिइने गरी तोकिदिइएको छ ।

१५. ऋणको भुक्तानी दिने ठाउंः–यो ऋणको सांबा र ब्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैङ्क वा त्यसको एजेण्ट मार्फत भुक्तानी दिइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।